जि.प्र.का. सप्तरी द.नं. ३१/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १४२ २०७६ साल पुस १७ गते बिहीबार (2 Jan. 2020 Thursday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सन् २०१९ का प्रमुख ... ३ पृष्ठमा : सडक पूर्वाधारमा सुरुङ ... ३ पृष्ठमा : दूतावासमा आक्रमणएपछि ...

# राष्ट्रिय सभाका लागि राजपा सप्तरीबाट आधा दर्जन यूवा नेता आकांक्षी


केशव झा


गजेन्द्र कुमार मण्डल


अमरनाथ मण्डल


दिपेन्द्र चौधरी


किशोर कुमार यादब


बिनोद कुमार यादब

**दैनिक समाचारदाता**
**राजविराज, १६ पुस ।**

राष्ट्रिय सभा निर्वाचनका लगि राजपा नेपाल सप्तरीबाट ६ जना यूवा नेताहरुले आकांक्षा बढाएका छन् ।

राष्ट्रिय सभा निर्वाचनका लागि प्रदेश २ मा नेकपा र राजपाले गठनबन्ध गरेका छन् । जसमा राजपा र नेकपाले दुई दुई सीट बाडेका छन् । यही दुई सीटका लागि सप्तरीबाट राजपाका ६ जना यूवा नेताहरुले सक्रियता बढाएका हुन् ।

राजपा नेपालले राष्ट्रिय सभामा दुई सिटका लागि नेकपासँग सहकार्य गरेपछि जित सुनिश्चित ठानिएको वेला राजपाका युवा नेता केशव झा, गजेन्द्र कुमार मण्डल, अमरनाथ मण्डल, दिपेन्द्र चौधरी, किशोर कुमार यादब र बिनोद कुमार यादबले सक्रियता बढाएका हुन ।

दुई पदका लागि सप्तरी जिल्लाबाटै आधा दर्जन आकांक्षी देखिएपछि राजपाका शिर्ष नेताहरूलाई उम्मेदवारको टुंगो लगाउन सकस परेको पार्टी श्रोतले जनाएको छ ।

राष्ट्रिय सभा सदस्य पदका आकाँक्षि देखिएका उल्लेखित सबै उम्मेदवार मधेश आन्दोलनमा सक्रिय भुमिका निर्वाह गरेको तथा स्थानिय स्तरमा समेत जनाधार भएको ब्यक्तित्व भएकाले उम्मेदवार छान्न पार्टीलाई सकस परेको नाम नछापीदिन आग्रहका साथ राजपा एक केन्द्रीय नेताले बताए ।

चर्चामा रहेका यी आकांक्षीहरू अहिले पार्टीको स्थानिय तहदेखि केन्द्रसम्म आफ्नो पक्षमा लबिंग थालेको बुझिएको छ ।

यता पार्टीमा लामो समयदेखि आबद्ध भई पार्टीको हरेक कार्यक्रम र आन्दोलनमा सक्रिय सहभागिता जनाउदै आएका युवाहरूले राष्ट्रिय सभामा युवाहरूलाई नै अबसर दिनुपर्ने माँग गरेका छन ।

राष्ट्रिय सभा सदस्य पदका आकांक्षी देखिएका सबै स्थानिय जनता माझ निकै लोकप्रिय मानिन्छ । सबैले आफुले अवसर पाए मधेशको हकहित र मधेश आन्दोलनले उठाउदै आएको सवाल सम्बोधनका लागि काम गर्ने साझा मुद्दा उठाएका छन ।

# बेल्ही भन्सारमा भारतीय पर्यटक सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, १६ पुस ।**

अंग्रेजी वर्ष सन् २०२० तथा भ्रमण बर्ष २०२० को पहिलो दिन बुधबार सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले नेपाल भित्रिएका भारतीय पर्यटकहरुलाई सम्मानसहित स्वागत गरेको छ ।

तिलाठी कोइलाडी गाउँपालिका वडा नं. १ बेल्हीस्थित भन्सार कार्यालयको प्राङ्गणमा गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले भारतीय पर्यटकहरुलाई माला तथा गम्छा लगाई सम्मानकासाथ स्वागत गरेका छन् ।

सो अवसरमा गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झा, भन्सार कार्यालयका प्रमुख अभिषेक कर्ण, सशस्त्र प्रहरी निरीक्षक राजेश थापा लगायतकाले भारतीय पर्यटकहरुलाई माला तथा गम्छा लगाई स्वागत तथा सम्मान गरेका थिए ।

# विपन्नलाई ब्लायङकेट वितरण




**दैनिक समाचारदाता**
**राजविराज, १६ पुस ।**

धर्मी हल्फा महिला विकास क्लब लालापट्टी सप्तरीले अंग्रेजी नयाँ वर्षको अवसरमा बुधबार अति

*बाँकी दुई पृष्ठमा*

# प्रभातफेरी गर्दै भ्रमण बर्षको शुभारम्भ




**दैनिक समाचारदाता**
**राजविराज, १६ पुस ।**

भ्रमण बर्ष २०२० को अवसरमा बुधबार राजविराजमा प्रभातफेरी गरि शुभारम्भ गरिएको छ ।

नेपाल भ्रमण बर्ष २०२० महाअभियान जिल्ला पर्यटन समन्वय समितिको अगुवाईमा प्रभातफेरी निकाल्दै बिधिवत शुभारम्भ गरिएको हो ।

स्थानिय गजेन्द्र चौकबाट जनप्रतिनिधि, नागरिक समाज, उद्योगी ब्यवसायी, कर्मचारी, संचारकर्मि, प्रहरी, बिद्यार्थी लगायतको सहभागितामा सुरू भएको प्रभातफेरी पुनः सोही स्थानमा पुगी कोण सभामा परिणत भएको थियो ।

सहभागीले हातहातमा भ्रमण बर्ष सफल पारौ, पर्यटकिय स्थलको संरक्षण गरौ, आफ्नो गाउठाँउलाई सफा राखौ, अतिथिको स्वागत गरौ, लगायतका नारा अंकित प्लेकार्ड बोकेर बजार

*बाँकी दुई पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit Quick & Easy · Prabhu Money Transfer · City Express Money Transfer · IME International Money Express · IME pay wallet · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

# कर्मचारीको उमेर हदबन्दी ५८ कि ६०

काठमाडौँ, १६ पुस (रासस) ।

विसं २०४९ मा बनेको नयाँ निजामती सेवा ऐनमा निजामती कर्मचारीको अवकाश उमेर ६० बाट ५८ वर्ष झारियो । अहिले भने त्यतिबेला कायम गरिएको ५८ वर्षीय उमेर हदबन्दीलाई हटाउँदै पुनः ६० वर्ष कायम गराउने प्रयास थालिएको छ ।

यसअघि निजामती सेवा ऐन-२०१३ र निजामती सेवा ऐन-२०२१ मा पनि निजामती कर्मचारीको उमेर हदबन्दी ६० वर्ष नै राखिएको थियो तर २०४९ सालमा बनेको ऐनले ५८ वर्ष राख्यो । पहिले रहेको ३० वर्ष सेवा अवधि काम गरेको व्यवस्थासमेत हटाइयो । अहिले ५८ वर्षबाट ६० वर्ष बनाउनेमा छलफल भइरहेको छ ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा 'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' मा ६० वर्ष बढाउने कि ५८ वर्ष राख्नेमा छलफलसमेत भएको छ तर ५८ कि ६० वर्ष राख्नेमा सहमति नहुँदा समितिमा ६० वर्ष बनाउने निर्णय विचाराधीन रहेको छ । समितिका सदस्य नै उमेरको विषयमा अझै टुङ्गोमा पुगेका छैनन् ।

नेपालको उमेरको औसत बढेकाले ६० वर्ष पुऱ्याउनु पर्दछ भन्ने एकथरिको तर्क रहेको छ । दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)का नेपालबाहेक सबै मुलुकमा पनि कर्मचारीको उमेर ६० भन्दा नै माथि नै रहेको छ । साठी वर्ष बढाउँदा दुई वर्ष माथिल्लो तहका कर्मचारीको वृद्धि विकास रोकिने भन्ने धारणा रहेको छ । अर्कोतिर अहिले सचिव/सहसचिवले पनि ६० वर्ष उमेर हदबन्दी बढाउदा आफ्नो पनि दुई वर्ष सेवाकाल थपिने भन्ने रहेको छ ।

पूर्वमुख्य सचिव विमल कोइरालाले ६० वर्ष उमेर हदबन्दी बढाउने अनुपयुक्त नभए पनि स्वार्थ समूहको दबाबमा नपर्नु पर्ने बताउनुहुन्छ । "तर्कको आधारमा त ६० वर्ष बढाउने कुनै कारण नै छैन तर विश्वका अधिकांश देशले कर्मचारीको उमेर ६० देखि माथि नै बनाएका छन्", उहाँले भन्नुभयो, "अब उप्रान्त भर्ना हुने कर्मचारीमा लागू गर्दा केही फरक पर्दैन ।"

पूर्वसचिव शारदाप्रसाद त्रितालले कर्मचारीमा विभेदकारी उमेर हदबन्दी हटाउनुपर्ने बताउनुहुन्छ । उहाँले सरदर आयु बढ्न जाँदा काम गर्ने जाँगर पनि बढ्ने भएकाले ५८ वर्षबाट ६० वर्ष गराउनुपर्ने बताउनुभयो । "साठी वर्ष गराउँदा पुराना खारिएका कर्मचारी हुन्छन्", उहाँले भन्नुभयो, "ती कर्मचारीबाट राज्यले बढी फाइदा लिनुपऱ्यो ।" साठी वर्ष गराउँदा सरकारले दुई वर्ष थप अनुभवी कर्मचारी पाउनुको साथै पेन्सनको भारमा पनि दुई वर्ष कम हुन्छ भने ६० वर्षमा लैजाँदा कर्मचारीको दुई वर्ष बढुवा र नयाँ भर्ना प्रक्रिया रोकिने हुन्छ ।

पूर्वसचिव शरदचन्द पौडेलले ६० वर्ष उमेर बढाउँदा पेन्सनको दायित्व पनि दुई वर्ष कम पर्ने र अनुभवी कर्मचारी पनि राज्यले पाउने भएकाले ६० वर्ष पुऱ्याउनुपर्ने बताउनुभयो । उहाँले पहिलेको कुनै तर्क बिना नै ६० वर्षबाट ५८ वर्ष झारिएकाले अहिले मानिसको औषत आयु पनि बढेकाले पहिल्यैकै ६० वर्ष पुऱ्याउनुपर्ने बताउनुभयो ।

"पहिले औषत आयु ५८ वर्ष हुँदा कर्मचारीको ६० वर्ष अवकांश उमेर तोकिएको थियो", उहाँ भन्नुहुन्छ, "तर अहिले औषत उमेर करिब ७१ वर्ष पुग्दा नी ५८ वर्ष राखिएको छ । कुनै व्यक्तिको व्यक्तिगत स्वार्थ नहेरी ६० वर्ष पुऱ्याउनुपर्दछ ।" निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनका उपाध्यक्ष भोला पोखरेलले किस्ताबन्दीमा नभई एकै पटक ६० वर्ष उमेर हदबन्दी बढाउनुपर्ने बताउनुहुन्छ ।

नयाँ बन्न लागेको विधेयकमा ६० वर्ष पुऱ्याए पनि पहिलो वर्षमा ५८ वर्ष छ महिना, दोस्रो वर्षमा ५९, तेस्रो वर्षमा ५९ वर्ष छ महिना र चौथो वर्षमा ६० वर्ष पुऱ्याउने उल्लेख गरिएको छ । विसं २०६६ मा तत्कालीन सामान्य प्रशासनमन्त्री जितु गौतम र कर्मचारी सङ्गठनबीच नै ६० वर्ष उमेर हदबन्दी बढाउने सहमति गरिएको थियो ।

सहमतिअनुसार लागू गरिएको दुई वर्षमा मात्र ६० वर्ष उमेर हदबन्दी राख्ने सहमति भएको थियो । अहिले कर्मचारीको फरक फरक उमेर हदबन्दी रहेको छ । शिक्षक र उच्च अदालतका न्यायाधीशको ६३, सर्वोच्च अदालतका न्यायाधीशको ६५ वर्ष उमेर हदबन्दी राखिएको छ ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सन् २०१९ का प्रमुख अन्तर्राष्ट्रिय घटनाक्रम

काठमाडौँ, १६ पुस (रासस) ।

**जनवरी २३** - भेनेजुएलाका विपक्षी नेता तथा राष्ट्रिय सभाका अध्यक्ष हुँवा गुएइदोले आफू स्वयं अन्तरिम राष्ट्रपति भएको घोषणा । राष्ट्रिय सभामार्फत घोषणा गरिएको ।

**फेब्रुअरी २७-२८** - अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता कीम जोङ-अनबीच दोस्रो शिखर वार्ता । वार्तामा उत्तर कोरियाको आणविक निःशस्त्रीकरणसम्बन्धी विषयमा सहमति नभएपछि वार्ता भङ्ग तर द्विपक्षीय वार्तालाई निरन्तरता दिने सहमति ।

**मार्च १५** - न्यूजील्यान्डको क्राइस्टचर्चस्थित दुई वटा मस्जिदमा शुक्रबारको प्रार्थनामा भेला भएको समयमा बन्दुकधारीले अन्धाधुन्ध आक्रमण गर्दा ४९ जनाको मृत्यु । प्रहरीले घटनामा संलग्न एकजना २८ वर्षीय व्यक्तिलाई पक्राउ गरेको छ । विश्वभरबाट घटनाको निन्दा एवम् भर्त्सना ।

**अप्रिल ९** - इजरायलमा सम्पन्न संसद् (नेसेट)का लागि भएको चुनावमा प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको लिकुड पार्टी संसद्मा सबैभन्दा ठूलो दलका रुपमा पुनःस्थापित । प्रधानमन्त्री नेतन्याहु साना दक्षिणपन्थी दलको समर्थनमा पाँचौँ कार्यकालका लागि पुनःप्रधानमन्त्री हुने निश्चित ।

**अप्रिल ११** - सुडानका राष्ट्रपति मोहमद अल-बसिरलाई सुडानी सेनाद्वारा अपदस्थ । राष्ट्रपतिको राजीनामाको माग गर्दै चार महिनादेखि जारी आन्दोलन कै क्रममा सेनाद्वारा बसिरलाई अपदस्थ गरेको घोषणा । बसिर सुडानमा सन् १९८९ देखि सत्तामा थिए । प्रदर्शनकारीले नयाँ सैनिक सत्तालाई पनि अस्वीकार गर्ने भन्दै सडक प्रदर्शन जारी ।

**अप्रिल १२** - अफगानिस्तानमा युद्ध अपराधको अनुसन्धानसम्बन्धी एक अनुरोधलाई अन्तरराष्ट्रिय फौजदारी अदालत (आइसीसी)ले अस्वीकार गरेको । अदालतको उक्त आदेशको अफगान युद्धमा विगत १७ वर्षदेखि उल्झिएको संयुक्तराज्य अमेरिकाको स्वागत ।

**अप्रिल २१** - श्रीलङ्काको राजधानी कोलम्बोका दुई वटा क्याथोलिक चर्च र तीन वटा पाँचतारे होटल तथा पूर्वीक्षेत्र बाट्टिकोलोवाको एउटा चर्चमा इस्टर सन्डे मनाउन भेला भएका इसाईमाथि लक्षित गरी शृङ्खलाबद्ध बम बिस्फोटका कारण ३०० भन्दा बढीको ज्यान गयो । तीन दशक लामो गृहयुद्ध अन्त्य भएको एक दशकपछिको यस विभत्स घटनाको विश्वभरबाट निन्दा गरिएको थियो ।

**अप्रिल २५-२७** - चीनको बेइजिङमा बिआरआई अन्तरराष्ट्रिय सम्मेलन सम्पन्न । विश्वका ३७ राष्ट्रका सरकार तथा राष्ट्रप्रमुख सहभागी यस सम्मेलनबाट आपसी सहयोग प्रवर्द्धनलाई अझ उचाईमा पुऱ्याउने सहमति ।

**अप्रिल ३०** - संसारको सबैभन्दा पुरानो शाही परिवार मानिने जापानका राजा अकिहितोले औपचारिकरूपमा आफूले गद्दी छोडेको घोषणा । दुई शताब्दीभन्दा बढी राजगद्दीमा रहनुभएका अकिहितोका जेठो छोरा युवराज नरुहितोलाई सिंहासन छोडियो ।

अप्रिल/मे अप्रिल र मे विश्वको तुलनामा अत्याधिक जनसङ्ख्या भएको प्रजातन्त्र दक्षिणपन्थी र हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (बीजेपी)का प्रमुख प्रधानमन्त्री नरेन्द्र मोदीलाई नै प्रधानमन्त्री बनाउने घोषणासँगै दोस्रो चुनावमा जाने निर्णय ।

**मे ३** - उत्तर कोरियाले छोटो दूरीको मिसाइलको परीक्षण गरिरहेको दक्षिण कोरियाद्वारा पुष्टि ।

**मे ४** - थाईल्याण्डमा राजा वजिरालोङ्गकोर्नलाई श्रीपेच दिने समारोहको पहिलो दिनको सुरुवात । २०१६ मा उहाँको बुबाको मृत्युपछि सिंहासन उहाँले नै सम्हाल्नुभएको थियो ।

**मे ५** - गाजा र इजरायलका आतङ्ककारीबीच भएको झडपमा तेइस व्यक्तिको मृत्यु ।

**मे ८** - लाखौँ दक्षिण अफ्रिकीले लोकतन्त्रको दुई दशकपछि मतदान गरेका ।

**मे ९** - उत्तर कोरियाले बहु ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरेको अमेरिकी रक्षा विभागले घोषणा गरेको ।

**मे २१** - इन्डोनेसियाका राष्ट्रपति जोको विडोडो दोस्रो कार्यकालको लागि निवार्चित हुनुभएको । जोकोले करिब ५६ प्रतिशत भोटले जिल्नु भएको थियो । उहाँको मत निकटतम प्रतिद्वन्द्वीभन्दा १० प्रतिशत फरक रहेको ।

**मे २५** - दक्षिण अफ्रिकामा मन्त्रीपरिषद्का सदस्य आधाभन्दा बढी महिला भइपछि नयाँ इतिहास बनेको घोषणा ।

**जुन २** - सुडानको जारी रहेको विरोध प्रदर्शनको क्रममा सैन्य मुख्यालय बाहिर प्रर्दशन भएको र सुरक्षाकर्मीको कारबाहीमा कम्तीमा १३ व्यक्तिको मृत्यु भएको र दर्जनौँ घाइते ।

**जुन ३** - हजारौँ आदिवासी महिला र बालबालिका मारिएका "क्यानाडाली नरसंहार"को दिन । सीएनएनले प्राप्त गरेको एक प्रतिवेदनमा मारिएका ती बालिकाका एक हजारभन्दा बढी प्रमाण भेटिएका थिए । त्यस विषयमा २०१६ देखि नै अनुसन्धान जारी रहेको थियो ।

**जुन ६** - भेनेजुएलाबाट ४० लाखभन्दा बढी व्यक्ति भागेका जानकारी गराइएको । २०१५ देखि शुरु भएको राजनीतिक र मानवीय मुद्दाको बीचमा भाग्ने काम भइरहेको बताइएको थियो ।

**जुन १०** - मालीको एक गाउँ जलाइएको र कम्तीमा १०० व्यक्तिको मृत्यु भएको थियो । उक्त हत्याको कुनै पनि समूहले अहिलेसम्म जिम्मेवारी लिएको छैन ।

**जुन १७** - नाइजेरियामा तीन आत्मघाती बम विस्फोट बम विस्फोटनमा ३० जना मारिनुको साथै अन्य ३९ घाइते भएका भएका । यस आक्रमणको जिम्मेवारी कुनै पनि समूहले नलिएको ।

**जुन २१** - आणविक हतियारको विकासलाई निरन्तरता दिएमा युद्धमा जान नडराउने भन्दै अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा इरानलाई चेतावनी । इरानले मानवरहित अमेरिकी ड्रोनलाई गोली हानेपछि दुई देशबीचको विवाद झनै उत्कर्षमा पुगेको ।

**जुन ३०** - अमेरिकी राष्ट्रपतिको हैसियतले डोनाल्ड ट्रम्प पहिलो पटक उत्तर कोरियाको सीमा इलाकामा अवतरण । अमेरिकी राष्ट्रपतिको हैसियतले उत्तर कोरियाको सीमा टेक्ने उहाँ पहिलो व्यक्ति भएको जानकारी ।

**जुलाई ३** - जुलाईमा लिबियाको आप्रवासी केन्द्रमा गरिएको हवाई हमलामा ४० व्यक्तिको मृत्यु हुनको साथै ८० जना घाइते भएका ।

**जुलाई ५** - भारत सरकारले मुस्लिम बाहुल्यता रहेको जम्मु काश्मिरलाई विशेष स्वायत्तता दिने संविधानको धारा ३७० खारेज गर्ने आदेश जारी गऱ्यो । त्यसपछि जम्मु-काश्मिर छुट्टै राज्य नभई केन्द्र शासित प्रदेश भएकाले र भारतको इतिहासमा यसलाई महत्वपूर्ण दिनका रुपमा लिइएको छ ।

**जुलाई २४** - बेलायतकी महारानीद्वारा प्रधानमन्त्रीका रुपमा बोरिस जोनसनलाई नियुक्त ।

**अगस्त ७** - फिलिपिन्सले जनवरी र जुलाई बीचमा ६२२ व्यक्तिको मृत्यु पछि राष्ट्रिय डेङ्गूको महामारीको घोषणा गरेको । त्यहाँ एक लाख ४६ हजार व्यक्तिलाई डेङ्गु भएको पुष्टि ।

**सेप्टेम्बर १७** - स्पेनका प्रधानमन्त्रीले चार वर्षमा चौथो पटक भएको निर्वाचनमा पनि कुनै दलले स्पष्ट बहुमत प्राप्त गर्न नसकेपछि अर्को निर्वाचन गर्ने घोषणा । उहाँले आगामी निर्वाचन सम्भवतःनोभेम्बर गर्ने जानकारी ।

**अक्टोबर ९** - टर्कीद्वारा उत्तरी सिरियामा आक्रमण, इयुले टर्कीलाई भीषण आक्रमण अन्त्य गर्न आग्रह ।

**अक्टोबर ११** - इथियोपियाका प्रधानमन्त्री अबी अहमदलाई नोबेल शान्ति पुरस्कार प्रदान गरिएको । अहमदले इरिट्रियासँग २० वर्षको युद्ध अन्त्य गर्न सहयोग गर्नुभएको थियो ।

**अक्टोबर २६** - अमेरिकी सेनाको आक्रमणमा आइएसआइएस नेता अबु बक्र अल बगदादी मारिएको घोषणा ।

**अक्टोबर २८** - अल्बर्टो फर्नांन्डेजले अजेन्टिनाको चुनावमा आफ्नो जीतको घोषणा ।

**नोभेम्बर २** - मालीको सशस्त्र सेना माथि भएको आतङ्कवादी हमलामा कम्तीमा ५३ सैनिकको मृत्यु । यस आक्रमणको कुनै पनि समूहले जिम्मेवारी नलिएको ।

**नोभेम्बर ३** - सरकार विरोधी प्रदर्शन जारी भएपछि प्रदर्शनकारीले बग्दादलाई रोकेका । अक्टोबर १ देखि हजारौँ आन्दोलनकारी सडकमा उत्रिएका । भ्रष्टाचार अन्त्य तथा देशमा राम्रो सेवा प्राप्त गर्न सर्वसाधारणले विरोध गर्दै आएका छन् ।

**नोभेम्बर ११** - करिब एक महिनाको विरोधपछि राष्ट्रपति इभो मोरालेसले आफ्नो १४ वर्षको शासनपछि राजीनामा गर्नुभएको । आन्दोलनकारीले उहाँलाई चुनावमा धाँधली भएको आरोप लगाएपछि उहाँको राजीनामा आएको ।

**नोभेम्बर ९** - भारतकै अयोध्यामा वर्षौं पुरानो तथा विवादित मुद्दामा यस वर्ष फैसला भएको । उक्त स्थानमा रहेको भगवान श्रीरामको मन्दिर हिन्दूले आफ्नो क्षेत्रका रुपमा दाबी गरेका थिए भने इस्लामले पनि उक्त क्षेत्रमा वावरी मस्जिद बनाउनुपर्ने दाबी गर्दै आएका थिए । सर्वोच्च अदालतले सो स्थान हिन्दूलाई दिने र इस्लामका लागि मस्जिद बनाउन अर्को ठाउँमा जमिनको व्यवस्था गर्न फैसला गऱ्यो ।

**डिसेम्बर ४** - सुडान कारखानामा विस्फोट कम्तीमा २३ व्यक्तिको मृत्यु हुनुको साथै अन्य १२३ घाइते ।

**डिसेम्बर ९** - फिनल्यान्डकी ३४ वर्षीया सान्ना मरिन विश्वकै सबैभन्दा कम उमेरकी प्रधानमन्त्रीका रुपमा निर्वाचित । प्रधानमन्त्री आन्ती रिन्नेले पदत्याग गरेपछि सोसल डेमोक्रयाटिक पार्टीले मरिनलाई सरकारको नेतृत्व गर्न चयन गरेको थियो ।

**डिसेम्बर १०** - नागरिकतासम्वन्धी संशोधित विधेयक पारित गरिएपछि भारतका पश्चिम बङ्गाल, कलकत्ता, तामिल नाडू राज्यलगायतका शहरी क्षेत्रमा आन्दोलन चर्किएको छ । आन्दोलनका क्रममा दर्जनौँको मृत्यु भएको र हजारौँ घाइते भएका छन् । सन् २९४ सम्म पाकिस्तान, बङ्गलादेश र अफगानिस्तानबाट धार्मिकरुपमा लखेटिएर या समस्यामा परेर शरण लिन आएर भारतमा बसेको प्रमाण पेस गर्ने हिन्दु, शिख, बौद्ध, जैन, पारसी र इसाइ धर्मावलम्बीले भारतको नागरिकता पाउने भनी विधेयकमा राखेको नयाँ व्यवस्थाको विरोध भएको हो ।

**डिसेम्बर १७**-पाकिस्तानका पूर्वराष्ट्रपति परवेज मुसर्रफ विरुद्ध देशद्रोहको मुद्दामा विशेष अदालतले मृत्युदण्डको सजाय सुनायो । बिरामी अवस्थामा विदेशमा उपचार गराइरहेका मुसर्रफको मृत्युदण्ड हुनु अगावै निधन भएमा उहाँको शव तीन दिनसम्म सार्वजनिक ठाउँमा राख्नसमेत आदेश दिएको छ ।

**डिसेम्बर १८** - जापानमा 'मीटू' अभियानबाट चर्चित ३० वर्षीया पत्रकार शिओरी इतोले बलात्कारसम्वन्धी मुद्दा जित्नुभएको । जापानमा यौनको विषयमा कम बहस हुने भएकाले यसलाई अत्यन्त महत्वका साथ लिइएको । टोकियोस्थित 'सिभिल कोर्ट'ले इतोको पक्षमा फैसला सुनाउँदै पीडितलाई ३४ लाखभन्दा बढी रुपैयाँ जरिवाना तीर्न आदेश दिएको थियो ।

**डिसेम्बर १८** - अमेरिकी संसदको तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभ्स्ले अमेरिकी राष्ट्रपतिमध्ये डोनाल्ड ट्रम्पलाई महाभियोग लगाउने प्रस्ताव पारित गरेको । राष्ट्रपति ट्रम्पले शक्तिको दुरु पयोग गरेको भन्दै महाभियोगको पक्षमा निर्णय गरेको हो । सदनमा भएको मतदानमा ट्रम्पलाई महाअभियोग लगाउने पक्षमा २३० र विपक्षमा १९७ मत खसेको थियो ।

**डिसेम्बर २८**-सोमालियाको राजधानीमा कारबम विस्फोट कम्तीमा ७८को मृत्यु हुनुको साथै अन्य १२५ घाइते । अहिलेसम्म कुनै समूहले यो जिम्मेवारी लिएको छैन् ।

## *प्रभातफेरी गर्दै ...*

क्षेत्र परिक्रममा गरेका थिए ।

सभामा नेपाल भ्रमण बर्ष २०२० महाअभियान जिल्ला पर्यटन समन्वय समितिका संयोजक प्रभाकर यादव, उधोग बाणिज्य सँघका सप्तरी अध्यक्ष अरूण प्रधान, पुर्व मेयर शैलेश चौधरी, ईतिहासविज्ञ डा. पिताम्वरलाल यादव, बरिष्ठ पत्रकार शिवहरी भट्राई लगायतले नेपाल सरकारले घोषणा गरेको सन २०२० भ्रमण बर्षलाई सफल बनाउन सबैले आ-आफ्नो ठाउबाट योगदान गर्नुपर्ने जोड दिएका थिए ।

## *विपन्नलाई ...*

विपन्न समुदायका व्यक्तिहरुलाई चिसो छल्न ब्लायडकेट बितरण गरेको छ ।

सप्तरीको छिन्नमस्ता गाउपालिका ६ कोचाबखारी गाउँका अति विपन्न डोम, मुसहर, चमार (राम), पासवान, मल्लाह समुदायका व्यक्तिहरुलाई हेल्प नेपाल नेटवर्कको सहयोगमा ब्लायडकेट वितरण गरेको हो ।

सो अवसरमा पत्रकार शुभ नारायण यादव, बेचु मियाँ, बलदेव सदा लगायत स्थानीयबासिहरुको उपस्थिति रहेको थियो ।

# सडक पूर्वाधारमा सुरुङ थपिएको वर्ष २०१९

काठमाडौं, १६ पुस (रासस)।

नेपालमा सडक निर्माण शुरु भएको झण्डै एक शताब्दी पछि नयाँ खुड्किलाका रुपमा सुरुङमार्गको निर्माण शुरु भएको छ। काठमाडौं उपत्यका बाहिरबाट उपत्यका छिर्ने वा यहाँबाट बाहिरिने यात्रु घण्टौं जाममा पर्ने समस्या समाधानका रुपमा सुरुङमार्गलाई हेरिएको छ। यातायातकै प्रयोजनले बनाउन लागिएको मुलुक कै पहिलो सुरुङमार्ग सन् २०१९ को महत्वपूर्ण उपलब्धि मानिएको छ।

पूर्वाधारको पनि पूर्वाधारका रुपमा सडकलाई लिइन्छ। सरकारले सडक निर्माणलाई प्राथमिकता दिएको छ। राष्ट्रिय योजना आयोगले राष्ट्रिय गौरवका आयोजनाका रुपमा प्राथमिकता दिएकामध्ये छ सडकका आयोजना छन् भने पूर्व-पश्चिम विद्युतीय रेलमार्गलाई पनि राष्ट्रिय गौरवका आयोजनामा समावेश गरिएको छ। मध्यपहाडी (पुष्पलाल) लोकमार्ग, हुलाकी लोकमार्ग, उत्तर दक्षिण (कोशी) लोकमार्ग, उत्तर दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग, उत्तर दक्षिण (कर्णाली) लोकमार्ग र काठमाडौं-तराई-मधेस द्रुतमार्ग सो आयोजनामा रहेका छन्।

प्रधानमन्त्री केपी शर्मा ओलीले कात्तिक ४ गते सुरुङमार्गको शिलायान्स गरेसँगै यसको निर्माण अघि बढेको छ। बयालिस महीनाको अवधिमा निर्माण सम्पन्न गर्ने गरी जापानी अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) ले निर्माण शुरु गरेको छ। आयोजना अन्तर्गत साढे नौ मिटर र चार मिटर चौडाइका दुई सुरुङ निर्माण हुनेछ। दुई वटा 'फ्लाई ओभर', एउटा सर्भिस सेन्टर र ३.१ किलोमिटर नयाँ सडक निर्माण हुने बताइएको छ। सुरुङमार्गकै मुखमा र सतुङ्गलमा 'फ्लाई ओभर' बनाउन लागिएको छ। सडक पूर्वाधारमा यहाँ निर्माण हुनलागेको 'फ्लाई ओभर' पनि नेपालकै पहिलो हो। अन्तरराष्ट्रिय मापदण्डअनुसार एउटा लेनको चौडाइ साढे तीन मिटर हुन्छ। तीन लेन नपुगे पनि मुख्य सुरुङमार्गमा तीन वटा सवारीसाधन सहज आवतजावत गर्न सक्नेछन्। एउटा गाडी बिग्रँदा पनि दुईवटै गाडी चल्न सक्नेछन्। तत्काल उद्धारका लागि सहायक टनेल हुनेछ। ठाउँठाउँमा मुख्य सुरुङबाट सहायक सुरुङ प्रवेशको द्वार बन्ने सडक विभाग, विकास समन्वय महाशाखा प्रमुख अर्जुनजंग थापाले बताउनुभयो।

गत आवमा देशभरका सडकमा कालोपत्र हुँदा सबैभन्दा बढी काम मध्यपहाडी लोकमार्गमा भएको थियो। सो सडकमा ३४४ किलोमिटर सडक कालोपत्र भइसकेको छ भने ५८१ किलोमिटर सडक निर्माणका लागि ठेक्का सम्झौता भएर निर्माण भइरहेको छ। चार सय ९२ किलोमिटर सडक ठेक्का व्यवस्थापन हुन बाँकी छ। अहिलेसम्म ६८ सडक पुल सम्पन्न भएका छन् भने २४ पुल निर्माणाधीन रहेको आयोजनाले जनाएको छ।

मध्यपहाडका २६ जिल्लाका २१५ बस्ती जोड्दै निर्माण हुने यस सडकबाट मध्यपहाडमा बसोबास गर्ने करीब एक करोड जनता लाभान्वित हुने आयोजनाको अनुमान छ। आयोजनाको प्रारम्भ पाँचथर जिल्लाको चियोभञ्ज्याङबाट हुन्छ भने अन्तिम विन्दु बैतडीको झुलाघाट हो। सरकारले आव २०६९/७० मा राष्ट्रिय गौरवको आयोजना घोषणा गरी प्राथकिताका साथ यसलाई अघि बढाएको हो। आव २०६४/६५ बाट निर्माण शुरु गरिएको मध्यपहाडी लोकमार्ग आव २०७८/७९ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। यस राजमार्गको कुल लम्बाइमध्ये करीव एक हजार किलोमिटर आयोजना स्थापना हुनु अघि नै निर्माण भएर सञ्चालनमा रहेको पुरानो सडक हो। झण्डै ८७९ किलोमिटर नयाँ ट्र्याक खोल्ने र भएका सडकको स्तरोन्नति गर्ने काम भइरहेको छ।

तराईका सबै जिल्लालाई जोड्ने सडक आयोजनाका रुपमा रहेको हुलाकी लोकमार्गको निर्माण हुलाकी राजमार्गअन्तर्गत मध्यतराईको चितवन-रौतहट खण्डको निर्माण ४५ प्रतिशत मात्र सकिएको छ। राजमार्गअन्तर्गत बारा र रौतहटमा बढी काम भएको राजमार्ग निर्देशनालय योजना कार्यालय छ। रौतहटमा कुल १९-११ किलोमिटर सडक कालोपत्र गर्नुपर्नेमा बाग्मती नदीदेखि बाराको सीमा अरुवा खोलासम्म 'सब-बेस' बनाउने काम भइरहेको छ। बारामा तीन चरणमा हुलाकी राजमार्ग निर्माण हुँदैछ।

काठमाडौंलाई तराईसम्म जोड्ने सबैभन्दा छोटो सडकका रुपमा रहेको काठमाडौं-तराई द्रुतमार्ग (फास्ट ट्र्याक) को विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) स्विकृत गरेको छ। नेपाली सेनाले निर्माण गरिरहेको सो आयोजना आगामी पाँच वर्षभित्र सम्पूर्ण काम सक्ने गरी समष्टिगत गुरुयोजना बनाइएको छ। काठमाडौंलाई तराईसँग जोड्ने सबैभन्दा छोटो मार्गका रुपमा रहेको सो मार्गको लम्बाई ७२.५ किलोमिटर हुने डिपिआरमा उल्लेख छ। त्यसमध्ये झण्डै ४० प्रतिशतमा पुल र सुरुङमार्ग हुनेछ। आयोजनामा तीन वटा सुरुङमार्ग निर्माणमा नै सबैभन्दा बढी समय लाग्ने बताइएको छ। तीन सुरुङमध्ये सबैभन्दा लामो सुरुङको लम्बाइ ३.५ किलोमिटर हुनेछ। सुरुङमार्ग निर्माणमा बढी समय लाग्ने हुँदा दुबैतर्फबाट निर्माण गर्ने गरी योजना बनाइएको आयोजनाले जनाएको छ। सेनाका अनुसार १२ वटा ठेक्का मार्फत कामलाई अघि बढाइने छ।

प्रारम्भिक जगको काम र परामर्शदाता छनोटपछि सडक निर्माणको काम अघि बढाउन चालु आबमा पाँच वटा ठेक्का सम्झौता भइसकेको आयोजना प्रमुख शरदलाल श्रेष्ठले बताउनुभयो। आयोजना निर्माण स्थलमा काट्ने र भर्ने काम (कटिङ एण्ड फिलिङ) र संरचना निर्माणको काम समेत अघि बढाइएको छ। आगामी वर्ष असारसम्ममा यी काम सम्पन्न गर्ने सेनाको योजना छ। आगामी वर्षदेखि नै विभिन्न सडकमा कालोपत्र गर्ने काम समेत अघि बढाइनेछ। आगामी वर्ष मङ्सिरमा कालोपत्र शुरु गरेर विसं २०८० असारसम्ममा सम्पन्न गर्ने सेनाको कार्ययोजना छ। आयोजना अन्तर्गतका साना, मझौला र ठूला गरी सबै पुलको निर्माण विसं २०८० मङ्सिरसम्ममा सम्पन्न हुनेछ। आगामी वर्षदेखि निर्माण शुरु गरिने तीन सुरुङमार्ग विसं २०८० वैशाखमा सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने सेनाको योजना छ।

निर्माण शुरु भएको झण्डै छ दशक पछि कान्ति लोकपथको निर्माण सम्पन्न हुने चरणमा पुगेको छ। यो सडक भएर गत वर्षदेखि नै हेटौंडा-काठमाडौं आवतजावत गर्न थालिइसकिएको छ। निर्माण चल्दै गर्दा बर्खामा धेरै ठाउँमा पहिरो गई सडक अवरुद्ध भएको थियो जसलाई सडक विभागले खुलायो। हेटौंडाबाट मुग्लिन हुँदै काठमाडौंसम्मको २२६ किलोमिटर लम्बाइको निर्माणाधीन यो सडकलाई हेटौंडाबाट पालुङ हुँदै काठमाडौं आउने १३६ किलोमिटर सडकको विकल्पका रुपमा समेत हेरिएको छ।

आव २०७२/७३ पछि सडक सरकारको प्राथमिकतामा परेसँगै सडकको स्तरोन्नति भइरहेको छ। सरकारले यो सडकलाई पहिलो प्राथमिकता (पि वान) मा राखेसँगै योजना कार्यालयको स्थापना भएको हो। सरकारले एक दशकयता वर्षेनी सडकका लागि बजेट विनियोजन गर्दै आएको आयोजनाले जनाएको छ। कतिपय स्थानमा मुआब्जा विवाद भए पनि सडक समयमै सम्पन्न हुने कार्यालयले बताएको छ। निर्माण शुरु हुँदा यो सडकको लम्बाइ ९२ किलोमिटर रहेको थियो।


सडक निर्माणसँगै सडक मर्मतका हिसाबले पनि सन् २०१९ महत्वपूर्ण रह्यो। काठमाडौंका नयाँ बानेश्वर, पुरानो बानेश्वर, तीनकुने, थापाथली, नक्साल भगवती, कपनलगायतका क्षेत्रमा सडक कालोपत्र भइरहेको डिभिजन सडक कार्यालय काठमाडौंले जनाएको छ। चालु आवमा काठमाडौंका धेरै सडकमा कालोपत्र गर्ने योजना रहेकामा अधिकाँशमा स्थानमा काम शुरु भइसकेको र कतिपय सडकमा ठेक्का सम्झौता भइसकेको छ। यी सडकमध्ये कतिपयमा खाल्डाखुल्डी पुर्ने र कालोपत्र गर्ने काम भइरहेको छ।

सरकारले यही वर्ष देशभरका ७५३ वटै स्थानीय तहलाई कालोपत्र सडकद्वारा जोड्न योजना अघि बढाएको छ। प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्यमा सडक निर्माण र स्तरोन्नतिको योजना बनाईदै छ। सडक सञ्जाल नपुगेका पालिकामा सडक पुऱ्याइने र माटे वा ग्राभेल सडक रहेका पालिका केन्द्रमा कालोपत्र सडक पुऱ्याइने गरी विभागले राष्ट्रिय योजना आयोगसँगको समन्वयमा अवधारणापत्र बनाएको हो। आगामी चार वर्षमा सबै स्थानीय तहको केन्द्रसम्ममा कालोपत्रे सडक पुऱ्याउने लक्ष्य छ। देशभरका सबै पालिकामा कालोपत्र सडक निर्माणका लागि झण्डै रु डेढ खर्ब लागत लाग्ने अनुमान गरिएको छ। अध्ययनका अनुसार देशभरका सबै पालिकाको केन्द्रमा पुग्ने चार हजार २०० किलोमिटर सडक निर्माण र स्तरोन्नति गर्नुपर्ने देखिएको विभागले जनाएको छ।

सरकारले चालु आवमा ३०० पुल निर्माण गर्ने योजना बनाएको छ जसमध्ये कतिपय नयाँ प्रविधिका पुल छन्। 'आर्क एण्ड ब्रिज' प्रविधिबाट निर्माण भएको बिजुलीबजारस्थित पुल सम्पन्न हुने क्रममा छ भने तीनकुनेस्थित पुल अलपत्र अवस्थामा छ।

नयाँ संरचनानुसार प्रदेश सरकार र स्थानीय सरकारले पनि पूँजीगत खर्चतर्फ सबैभन्दा बढी रकम सडक निर्माणमा छुट्याएको पाइन्छ। इञ्जिनीयरिङ दृष्टिकोणले अध्ययन नभइकन सडक निर्माण भएको भनिए पनि यसले देशभरमा सडक सञ्जाल भने फैलाएको छ। देशभरमा अहिले ८३ हजार किलोमिटर सडक रहेको छ। नेपालको पहिलो सडक मार्ग त्रिभुवन राजपथ हो। विसं २०१६ मा यसको निर्माण शुरु भएको थियो।


दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित




छिन्नमस्ता डेरी उद्योग

सिरहा रोड, राजविराज ७, खरसाल टोल

मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यु, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

## विश्व समाचार

### दूतावासमा आक्रमण भएपछि इरानलाई ट्रम्पको चेतावनी

वासिङटन, १६ पुस (रासस/सिन्ह्वा)।

इराकस्थित अमेरिकी दूतावासमा भएको आक्रमणमा इरानी पक्ष दोषी रहेको भन्दै अमेरिकाले इरानलाई 'ठूलो मुल्य चुकाउनु पर्ने' चेतावनी दिएको छ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इराकका काम चलाउ प्रधानमन्त्री अदेल अब्दुल मेहदीलाई मङ्गलबार फोन गरेर घटनाप्रति आपत्ति जनाउनु भएको हो।

इराकको राजधानी बग्दादस्थित अमेरिकी दूतावासमा इरान निकटका इराकी प्रदर्शनकारीले आक्रमण गरेका हुन्।

टेलिफोन कुराकानीको क्रममा दुई नेताले क्षेत्रीय सुरक्षाका विषयमा छलफल गर्नुभएको थियो। राष्ट्रपति ट्रम्पले इराकमा रहेका अमेरिकी नागरिकको सुरक्षामा विषेश जोड दिनुभएको राष्ट्रपति कार्यालय ह्वाइट हाउसद्वारा जारी वक्तव्यमा जनाइएको छ।

उहाँले इरानी पक्षले अमेरिकी दूतावासमा 'नियोजित आक्रमण' गराएको आरोप पनि लगाउनु भएको वक्तव्यमा जनाइएको छ।

घटनापछि अमेरिकी रक्षामन्त्री मार्क इस्परले आक्रमण भएको दूतावासका लागि थप सुरक्षाकर्मी पठाइसकिएको बताउनु भएको छ।

अमेरिकी सुरक्षाकर्मीले आइतबार इराक र सिरियाका पाँच ठाउँमा आक्रमण गरेका थिए। इराकी अर्धसैन्य बल हजबुल्लाहको नियन्त्रणमा रहेका ठाउँमा अमेरिकी सुरक्षाकर्मीले आक्रमण गरेका हुन्।

अमेरिकी सहयोगमा गत हप्ताको अन्त्यमा गरिएका आक्रमणमा करिब दुई दर्जन प्रदर्शनकारी (लडाकू) मारिएपछि बग्दादमा इराननिकट एक समूहले गरेको प्रदर्शनका क्रममा इराकी प्रदर्शनकारीले अमेरिकी राजदूतावासको पर्खाल वरपरबाट आक्रमण प्रयास गरेका स्थानीय सञ्चारमाध्यमले देखाएका छन्।

केहीदिन पहिले हवाई आक्रमणमा इराकी नागरिक मारिएपछि आक्रोशित प्रदर्शनकारीले राजदूतावासको पर्खालमा आगजनी गर्दै राजदूतावास परिसरमा ढुङ्गामुढासमेत गरेका थिए। उनीहरूले अमेरिका विरोधी नारासमेत लगाएका बताइएको छ।

राजदूतावास उच्च सुरक्षासहितको 'ग्रिन जोन' रहेको छ र त्यहाँसम्म पुग्न धेरै सुरक्षा जाँचस्थल पार गरेर जानुपर्ने व्यवस्था रहेको छ।

### कारागारमा कम्तीमा १६ को मृत्यु

मेक्सिको, १६ पुस (रासस/सिन्ह्वा)।

कारागारमा कैदी कैदीबीच भएको झडपको क्रममा मेक्सिकोमा कम्तीमा १६ कैदीको मृत्यु भएको छ।

मेक्सिकोको उत्तरी क्षेत्रमा पर्ने जाकातेकास क्षेत्रमा रहेको कारागारमा मङ्गलबार दिउसो सो झडप भएको स्थानीय सञ्चार माध्यमले जनाएका छन्।

स्थानीय समयानुसार दिउसो साढे दुई बजेतिर कारागारकै दुई समूहबीचमा झडप भएको थियो। प्रदेश राजधानी जाकातेकासदेखि १३ किलोमिटर टाढा पर्ने सिएनेगुइल्लासमा घटना भएको अधिकारीले जनाएका छन्।

स्थानीय प्रहरीले तत्कालै हस्तक्षेप गरेर अवस्थालाई आफ्नो नियन्त्रणमा लिएको सार्वजनिक सुरक्षा विभागले जनाएको छ।

### अफगानिस्तानमा सात सुरक्षाकर्मीसहित १८ मारिए

तालुक्वान, १६ पुस (रासस/सिन्ह्वा)।

अफगानिस्तानमा भएको पछिल्लो घटनामा परी १८ जनाको मृत्यु भएको छ।

मृत्यु भएका मध्ये सात जना सुरक्षाकर्मी रहेका छन्। देशको उत्तरी तखार प्रान्तमा पर्ने डाराक्वाद जिल्लामा बुधबार घटना भएको हो।

प्रान्तीय प्रहरी प्रवक्ता अब्दुल खालिल असिरले दिएको जानकारीअनुसार तालिवान लडाकूले क्वारा तेपास्थीत सुरक्षा चौकीमा आक्रमण गरेका थिए।

विहानैबाट लडाकूले आक्रमण गर्दा झण्डै दुई घण्टासम्मको सो भिडन्तमा १८ जनाको मृत्यु भएको उहाँले बताउनुभयो।

मृत्यु हुनेमा प्रहरी र सैनिक गरी सात र लडाकू ११ जना रहेका छन्। उनीहरुको घटनास्थलमै मृत्यु भएको प्रत्यक्षदर्शीले बताएका छन्।

भिडन्तमा परी अरु सात जना घाइते भएका छन्। घटनाका बारेमा अहिलेसम्म कसैले पनि जिम्मेबारी लिएको छैन।

# मुख्य बजारमै छैन सार्वजनिक शौचालय



**चन्दन कुमार यादव**
**राजविराज, १६ पुस ।**

नेपाल खुल्ला दिसा मुक्त भइसकेको अवस्थामा सप्तरी सदरमुकाम राजबिराजको मुख्य बजारमा एउटा पनि सार्वजनिक शौचालय छैन ।

राजबिराजको मुख्य बजार क्षेत्र वरिपरि गजेन्द्र चौकदेखि अस्पताल रोडसम्म कतै पनि सार्वजनिक शौचालय छैन ।

जिल्लाको मुटु समेत मानिने राजबिराज बजारमा सार्वजनिक शौचालय नहुँदा गाउँबाट बजार आएकाहरुले समस्या हुने गरेको छ । बजार क्षेत्रमा सार्वजनिक शौचालय नहुँदा गाउँबाट सरकारी कामकाज तथा किनमेल गर्न तथा खरिद विक्रि गर्न आउनेहरुले शौंच गर्न खुल्ला स्थान वा सरकारी कार्यालय धाउनु पर्दछ ।

बजारमा शौंच लागेपछि वास बसेको होटल वा कोठा पुग्ने सम्भावना नभएकोले धेरै मानिसहरु शान्त ठाउँ खोजेर विसर्जन गर्ने गरेको सोनरा पकरीका राजेन्द्र यादबले गुनासो गरे ।

यता मालपोत अगाडी हटिया लाग्ने स्थानमा एउटा शौचालय रहेपनि हाल सो शौचालय तरकारी बजारका कारण थाहा हुदैन् । उक्त शौचालयमा पानी नभएपछि शौचालय हुनुको कुनै अर्थ नरहेको स्थानीय बताउछन् । यता गजेन्द्र चौक देखी:पुर्व बस स्टेन क्षैत्रमा पनि सार्वजनिक शौचालय छैन ।

दैनिक हजारौको जमघट हुने बसपार्कमा शौचालय नहुँदा यात्रु र स्थानीयले समस्या भोग्दै आएका छन् । सवारी साधनबाट घण्टौको यात्रा गरेर गजेन्द्र चौकको बस काउन्टर क्षैत्रमा यात्रु ओर्लिएपछि शौचालय नहुँदा निक्कै पिडा भोग्नु परेको यात्रुहरु बताउछन् ।

जिल्लाको मुख्य बजारमा कमसेकम दुई स्थानमा शौचालय निर्माण गरिए धेरैलाई राहत मिल्ने स्थानियहरुको भनाई छ ।

बस स्टेनमा सार्वजनिक शौचालय सम्बन्धीत निकायले निर्माण गरे सर्वसाधारण नागरिकहरुलाई सहज हुने राजगढका बिरेन्द्र यादबको भनाई छ ।

टाउन प्लानिंगमा बसाईएको पुरानो शहरको लामो ईतिहास बोकेको बजारमा अहिलेसम्म पनि कुनै मुख्य बजारमा सार्वजनिक शौचालय नहुनु लज्जाको विषय बनेको यादबको ठहर छ ।

नगर क्षेत्रभित्र सार्वजनिक शौचालय र स्वाच्छ खानेपानीको ब्यवस्था गर्न नगरपालिकालाई पटक पटक ध्यानाकर्षण गराएको भएपनि अहिलेसम्मा ब्यावहारमा नदेखिएको जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादबले बताए ।

यस विषयमा नगरपालिकाका उपप्रमुख साधना झाले सार्वजनिक शौचालय केही ठाउमा भएपनि ब्यबस्थित हुन नसक्दा समस्या उत्पन्न भएकोले मुख्य बजार ब्यबस्थित शौचालय बनाउन प्राथमिकतामा रहेको बताईन । श्रोत जुटाएर नगरपालिका भित्र जमघट बढी हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्ने योजना रहेको उनले जानकारी दिइन् ।

# राष्ट्रिय बिद्यार्थी संघको मबिब क्याम्पस ईकाई गठन

**दैनिक समाचारदाता**
**राजविराज, १६ पुस ।**

राष्ट्रिय विद्यार्थी संघ मविव क्याम्पस राजबिराजको इकाई कार्यसमिति गठन गरेको छ ।

राष्ट्रिय बिद्याथी सँघको मंगलबार सम्पन्न बैठकले विकास कुमार मंडलको अध्यक्षतामा ४१ सदस्यीय ईकाई कार्य समिति चयन गरिएको छ ।

समितिको सहअध्यक्ष शर्वेश झा, वरिष्ठ उपाध्यक्ष अमरलाल यादव, उपाध्यक्ष शैलेश गुप्ता, उपाध्यक्ष अशोक कुमार यादव, उपाध्यक्ष विकास कुमार यादव, उपाध्यक्ष आदर्श राज, सचिव मनिष कुमार दास, सहसचिव




कुन्दन मंडल, कोषाध्यक्ष नितु कुमारी यादव, सहकोषाध्यक्ष अच्छे कुमार चौधरीलाई छनोट गरिएको छ ।

यसैगरी सदस्यहरूमा शंकर शर्मा, महाकान्त चौधरी, विक्रम यादव, जितन राम, अशोक यादब, रूबी साफी, धर्मेन्द्र मण्डल, लगायत ४१ सदस्यीय ईकाई समिति गठन गरिएको छ भने क्याम्पस इकाईको इन्चार्ज रंजित कुमार यादवलाई चयन गरिएको राष्टिय बिधाथी सँघका जिल्ला अध्यक्ष शंभु कुमार यादवले जानकारी दिएका छन ।

राष्ट्रिय बिद्याथी संघका जिला अध्यक्ष शम्भु यादवको अध्यक्षता सम्पन्न कार्यक्रममा केन्द्रीय अध्यक्ष किशोर कुमार यादव, सह महासचिव बिपी मंडल, संघका जिला कोषाध्यक्ष नरेश कुमार यादव, पूर्व इकाई अध्यक्ष संजीव दास, पूर्व इकाई सहअध्यक्ष दिनेश कुमार शर्मा सहितका नेता तथा कार्यकर्ता लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।


## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं ।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं । त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं । घुर बालेर निगरानी गर्ने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।

अनुरोधकर्ता

बलान विहुल गाउँपालिका, सप्तरी



सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय मलेठ-९ , सप्तरी

पान नं. :- ३०५११४४१७

चलानी नं. :- १०७

पत्र संख्या :- २०७६/०७७ मिति :-२०७६/९/११

### सूचना

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा**

उपरोक्त विषयमा यस संस्थाको संचालक समितिको मिति २०७६।७।३० गते बसेको बैठकको निर्णयनुसार संस्थाको ८ (आठौं) बर्षिक साधारण सभा निम्न बिषयहरु उपर छलफल गर्नका लागी तपसिल बमोजिमको मिति, समय र स्थानमा हुने भएको हुँदा उक्त सभामा उपस्थितिको लागि सबै शेयर सदस्यज्यूहरुलाई पत्र पठाई सकिएको छ । कुनै कारणबश कुनै सदस्य समक्ष जानकारी पत्र नपुगेको भए यसै सुचनालाई आधार मानी यस साधारण सभामा उपस्थित भई दिनुहुन सादर अनुरोध गरिन्छ ।

**साधारण सभामा छलफलका बिषयहरु :**

१. संचालक समितिको तर्फबाट संस्थाका अध्यक्षज्यूद्धारा प्रस्तुत प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखा समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०७५।०७६ को लेखापरिक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
४. आ.व. २०७५।०७६ मा संचालक तथा लेखा समितिद्धारा गरिएका निर्णयहरुको अनुमोदन सम्बन्धमा ।
५. आ.ब. ०७६।०७७ को प्रस्तावित बजेट तथा कार्यक्रम स्विकृत गर्ने सम्बन्धमा ।
६. लाभांश बितरण अनुमोदन सम्बन्धमा ।
७. आ.ब. ०७६।०७७ को लागी लेखा परिक्षकको नियुक्ति तथा निजको परिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
८. साधारण सभाको निर्णय पुस्तिकामा हस्तक्षर गर्न संचालक समिति तथा सदस्यहरुको तर्फबाट आबश्यक प्रतिनीधी तोक्ने सम्बधमा ।
९. संस्थाको बिनियम संसोधन, नियमावलीहरु तथा आन्तरिक कार्य बिधीहरु स्विकृति सम्बन्धमा ।
१०. संरक्षित पुंजी कोष फिर्ता सम्बन्धमा ।
११. संचालक तथा लेखा समिति गठन सम्बन्धमा ।
१२. बिबिध ।

**तपसिल**

मिति : २०७६/९/१९ शनिवार
स्थान : संस्थाको सेलर मिलको प्राङ्गनमा रा.बि. ९ मलेठ
समय : बिहान ९ बजे

संचालक समितिको आज्ञाले
व्यवस्थापक



स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

सम्पर्क

स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

ipay remit · City Express Money Transfer · Best Remit Quick & Easy · Prabhu Money Transfer (प्रभुको इच्छा, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम) · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*